म.जि.प्र.का दर्ता नः
१04/0६७/0६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३0/0६९/0७0

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १९३ २०८१ जेठ २३ गते बुधबार 5 June 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## रुखले लागेर मनहरीका गोलेको मृत्यु

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा पानीसँगै आएको हावाहुरीले रुख भाँच्दा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मनहरी-२ स्थित ट्याङ्की दमारका २२ वर्षीय रामबहादुर गोले रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मंगलबार बिहान ११ बजेर ३० मिनेटको समयमा घरबाट ८ सय मिटर पूर्वमा रहेको बारीमा घाँस काटिरहेको अवस्थामा अचानक आएको हावाहुरी र पानीले साजको रुख भाँचेर गोलेलाई लाग्दा उनको घटनास्थलमै मृत्यु भएको हो । गोलेको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय नेवारपानीबाट प्रहरी टोली खटिएको थियो । घटनाबारे थप अनुसन्धान तथा मुचुल्काको लागि प्रहरी खटेर कानुनी प्रक्रियापश्चात् शवलाई पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा ल्याइएको प्रहरीले जनाएको छ ।

### बागमती सरकारको निर्णय

# प्रदेश सडक गुरुयोजना स्वीकृत

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले प्रदेश सडक गुरुयोजना स्वीकृत गरेको छ । मंगलबार बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले प्रदेश सडक गुरुयोजना स्वीकृत गरेको हो ।

पूर्वाधार विकासअन्तर्गत सडक पुल निर्माणलाई व्यवस्थित गर्न सरकारले प्रदेश सडक गुरुयोजना निर्माण गरेर लगानी गर्ने रणनीति लिएको प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले बताउनुभयो । प्रदेशभित्रका ३ सय बढी सडक योजनाहरु समेटिएको उक्त गुरुयोजनामा बजेट विनियोजन गरेर स्तरीय र पक्की निर्माण गरिने उहाँको भनाइ छ ।

बैठकले नमुना वडा समाजवादी कार्यक्रम कार्यान्वयनका लागि वडाहरु छनौट गरेको छ । बैठकले प्रदेशका १३ जिल्लाका १३ वटा स्थानीय तहका एक/एक वटा वडामा कार्यक्रम कार्यान्वयन गर्ने गरी वडाहरु छनौट गरेको उहाँले बताउनुभयो । मन्त्री श्रेष्ठका अनुसार मन्त्रिपरिषद् बैठकले मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर-७, चितवनको माडी नगरपालिका वडा नम्बर-९, सिन्धुलीको ध्याङ्लेख गाउँपालिका वडा नम्बर-१, भक्तपुरको चाँगुनारायण नगरपालिका वडा नम्बर-४, काठमाडौंको शंखरापुर नगरपालिका वडा नम्बर-२, ललितपुरको केन्जोम्सोम गाउँपालिका वडा नम्बर-२ मा नमुना वडा समाजवादी कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको हो ।

यस्तै, बैठकले रामेछापको दोरम्बा शैलुङ गाउँपालिका वडा नम्बर-७, सिन्धुपाल्चोकको पाँचपोखरी थाङ्पाल गाउँपालिका वडा नम्बर-३, नुवाकोटको दुप्चेश्वर गाउँपालिका वडा नम्बर-३, र सुवाको नौकुण्ड गाउँपालिका वडा नम्बर-५, धादिङको रुविभ्याली गाउँपालिका वडा नम्बर-५, काभ्रेपलाञ्चोकको महाभारत गाउँपालिका वडा नम्बर-१ र दोलखाको गौरीशंकर गाउँपालिका वडा नम्बर-१ मा नमुना वडा समाजवादी कार्यक्रम सञ्चालनका लागि छनौट गरिएको उहाँले बताउनुभयो । सो कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तह र वडाले नमुना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधिअनुसारका कार्यक्रम तय गरी सम्झौता गर्नुपर्ने उहाँले बताउनुभयो ।

सम्झौतापश्चात् प्रदेश सरकार र सम्बन्धित स्थानीय तहको सहलगानीमा कार्यक्रम सञ्चालन गरिने मन्त्री श्रेष्ठको भनाइ छ । प्रदेश सरकारले निर्माण गरेको कार्यविधिअनुसार एक करोड रुपैयाँ बजेटमार्फत् कार्यक्रम सञ्चालन गरिने उहाँले बताउनुभयो । एक करोड रुपैयाँ लागतमध्ये प्रदेश सरकारले ९० लाख रुपैयाँ र स्थानीय तहले १० लाख रुपैयाँ लगानी गर्नुपर्ने उहाँले जानकारी दिनुभयो ।

मानव विकास सूचकाङ्कमा पछि परेका स्थानीय तहका नागरिकहरुको शिक्षा, स्वास्थ्य, आर्थिक उपार्जनलगायतका विषयमा काम गर्न सरकारले उक्त कार्यक्रम कार्यान्वयन गर्ने तयारी गरिएको प्रवक्ता श्रेष्ठले बताउनुभयो । उत्पादन र रोजगारी प्रवर्द्धनसहित आर्थिक र सामाजिक विकास व्यवस्थित गर्न र समाजमा रहेका सबै प्रकारका असमानता र विभेद न्यूनीकरण गर्न सो कार्यक्रम ल्याइएको उहाँले बताउनुभयो । मन्त्री श्रेष्ठका अनुसार संविधानको परिकल्पना अनुसार समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समाजवादउन्मुख, समतामूलक र सुसंस्कृत समाजको निर्माण गर्न सेवाप्रवाहको जगको रुपमा रहेको वडास्तरबाट अभ्यास गर्ने तयारी गरिएको हो ।

प्रदेश सरकारले गत मंसिर १२ गते बसेको मन्त्रिपरिषद् बैठकबाट नमुना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृत गरेको थियो । गत आर्थिक वर्षदेखि प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेटमा समेत समावेश गरेको उक्त कार्यक्रम चालु आर्थिक वर्षमा समेत कार्यान्वयन गर्ने गरी बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारले गत आर्थिक वर्षमा उक्त कार्यक्रम कार्यान्वयनका लागि २५ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो भने चालु आर्थिक वर्षमा १५ करोड रुपैयाँ बजेट व्यवस्था गरेको छ ।

### प्रदेशमा पनि सीटीइभीटी

# कार्यकारी निर्देशकका लागि आवेदन नै परेन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले गठन गर्ने सीटीइभीटीका लागि कार्यकारी निर्देशक नियुक्ति प्रक्रिया अघि बढाएको छ । कार्यकारी निर्देशक नियुक्तिका लागि प्रदेशको सामाजिक विकास मन्त्रालयले आवेदन माग गरेको छ । गत जेठ १७ गते सूचना जारी गर्दै कार्यकारी निर्देशकका लागि ७ दिनभित्र आवेदन पेश गर्न भनिएको थियो ।

मन्त्रालयले प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को ऐन २०७५ र नियमावली २०८० बमोजिम स्थापना हुने प्रदेश प्रमुख कार्यकारी निर्देशकको नियुक्ति गर्नका लागि सूचना प्रकाशित भएको ७ दिन जेठ २३ गते भित्र कार्यालय समयमा कागजातसहित निवेदन पेश गर्न सूचना गरेको थियो ।

आवेदन आव्हान गरिएको ६ दिनसम्म एकजनाले पनि आवेदन दिएका छैनन् । मन्त्रालयका महाशाखा प्रमुख खुविराम अधिकारीका अनुसार हालसम्म कुनै पनि व्यक्तिले आवेदन पेश नगरेको र बुधबारसम्मको समयसीमा रहेकाले प्राप्त हुन सक्नेछ । आवेदन प्राप्त नभएको खण्डमा मन्त्रालयका सचिवको संयोजकत्वमा रहेको सिफारिस समितिको निर्णय अनुसार अघि बढाइने उहाँले बताउनुभएको छ ।

कार्यकारी निर्देशकका लागि ३५ वर्षदेखि ५५ वर्षसम्मका प्रदेशका स्थायी बसोबास गर्ने व्यक्तिले निवदेन, व्यक्तिगक विवरण, प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को नियमावली २०८० को अनुसूची १ को ३ बमोजिमको बढीमा ३ हजार शब्दको कार्ययोजना पेश गर्न भनिएको छ । सुचना अनुसार नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, प्रदेश भित्र स्थायी बसोबास भएको प्रमाणित कागजात, मान्यता प्राप्त विश्वविद्यालयबाट इन्जिनियरिङ, अर्थशास्त्र, व्यवस्थापन, शिक्षा, विज्ञान, कृषि विज्ञान र सूचना प्रविधि मध्ये कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । त्यस्तै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको र कुनै कानुनले अयोग्य नठहरिएको पत्र पेश गर्न भनिएको छ भने कार्ययोजना संक्षिप्त रुपमा प्रस्तुत गर्नुपर्ने हुन्छ ।

## हार्दिक आभार



नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एमाले मकवानपुर जिल्ला कमिटीको **१२औं जिल्ला अधिवेशन**बाट मलाई अमुल्य मत प्रदान गरी जिल्ला कमिटी उपाध्यक्षमा निर्वाचित गराउनुहुने सम्पूर्ण अधिवेशन प्रतिनिधि कमरेडहरु, अधिवेशनमा अहोरात्र खट्नुहुने आदरणीय अग्रज नेतृत्व, सम्पूर्ण नेता, स्वयंसेवक, अध्यक्ष मण्डल, निर्वाचन कमिटी, सुरक्षा संयन्त्र, पत्रकार मित्रहरुमा हार्दिक धन्यवादसहित आभार व्यक्त गर्दछु ।

**हिदम लामा**

**उपाध्यक्ष, नेकपा एमाले मकवानपुर**

## सिआन पुनर्स्थापनालाई एक लाखसहित गृह मन्त्रालयको पुरस्कार

समाज संवाददाता

हेटौंडाः मकवानपुरको सिआन पुनर्स्थापना केन्द्रलाई एक लाख राशीसहित संघीय सरकारको गृह मन्त्रालयले पुरस्कृत गर्ने भएको छ । देशभरका लागुऔषध दूर्व्यसनको उपचार तथा पुनर्स्थापनाको कार्यसम्पादनका आधारमा मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिकास्थित सिआन पुनर्स्थापना केन्द्रलाई गृहले पुरस्कृत गर्न लागेको हो ।

लागूऔषध दुर्व्यसनीमा फसेका युवाहरुको सुधार तथा उपचारात्मक कार्यमा सक्रिय हेटौंडास्थित सिआनलाई गृह मन्त्रालयले पुरस्कृत गर्न लागेको हो । गृह मन्त्रालयले आइतबारको मितिमा एक सूचना जारी गर्दै बागमती प्रदेशबाट सिआन पुनर्स्थापना केन्द्रसँगै गण्डकी प्रदेशबाट बाग्लुङ जिल्लाको नयाँ जीवन पुनार्स्थापना केन्द्रलाई पनि एक लाख राशीसहित पुरस्कृत गर्ने जनाएको छ । दुर्व्यसनमा फसेका युवालाई परामर्श तथा उपचार र सशक्तीकरणमा सक्रिय सिआन देशैभरीमा उत्कृष्ट काम गरेको भन्दै गृह मन्त्रालयले छनोट गरेको हो ।

गृह मन्त्रालयले अन्तर्राष्ट्रिय लागूऔषध विरुद्धको दिवसको अवसरमा आगामी असार १२ गते (जुन २६) मा पुरस्कार वितरण गर्नेछ । सिआनका संचालक सौजन डिसिका अनुसार सिआन पुनर्स्थापना केन्द्रमा अहिले ५० जनाले उपचारात्मक सेवा लिइरहेका छन् । सिआनले उपचार र परामर्शसँगै जीविकोपार्जनका विभिन्न क्रियाकलापहरु संचालन गरी युवा सशक्तीकरणको काम गरिरहेको डीसीले बताउनुभयो । कृषि तथा हस्तकलाका विभिन्न कार्यक्रमहरु संचालन गरी सिआनमा उपचाररत युवालाई आर्थिक उपार्जनको क्षेत्रमा सक्रिय बनाउने काम गरिरहेको उहाँको भनाई छ ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

## भुक्तानी दिन गाउँपालिका महासंघको माग

समाज संवाददाता

हेटौंडाः गाउँपालिका राष्ट्रिय महासंघ बागमती प्रदेश समितिले प्रदेश अनुदानमार्फत संचालित योजनाको रकम भुक्तानीको व्यवस्था गर्न बागमती प्रदेश सरकारसँग माग गरेको छ । महासंघका पदाधिकारीहरुले मंगलबार बागमती प्रदेशका मूख्यमन्त्री शालिकराम जम्कट्टेल, आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलिया, प्रदेशका कायम मुकायम प्रमुख सचिव गोविन्दबहादुर कार्की र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीलाई भेटेर भुक्तानीको माग गरेको हो ।

महासंघका बागमती प्रदेश अध्यक्ष कर्णबहादुर मगर, सचिव कान्छालाल जिम्बा, केन्द्रीय सदस्य लोकबहादुर मुक्तान, विभिन्न गाउँपालिकाका अध्यक्षसहितको टोलीले प्रदेश सरकारलाई ध्यानाकर्षण पत्र बुझाउँदै वित्तीय हस्तान्तरणमार्फत प्राप्त हुने अनुदान रकम कटौति हुँदा स्थानीय सरकारमाथि विकास योजनाको भुक्तानी गर्नुपर्ने दायित्व बढिरहेकाले योजनाको रकम भुक्तानीको व्यवस्था गर्न माग गरिएको छ । बागमती प्रदेशका सबै पालिकामा समानुपातिक बजेट विनियोजन गर्न र गाउँ कार्यपालिकाले निर्णय गरी पठाएका योजनाहरुलाई प्राथमिकताका साथ समावेश गर्न महासंघको माग छ ।

ध्यानाकर्षण पत्रमा 'आयोजना वर्गीकरणको आधार तथा मापदण्ड २०८०' को पूर्ण पालना गर्दै टुक्रे बजेटलाई निरुत्साहित गर्दै प्रदेशका विशेष योजनाहरुमा बजेट विनियोजन गर्न, स्थानीय सरकारमा रहेको कर्मचारीको

....बाँकी पृष्ठ ४ मा

## हार्दिक आभार



नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एमाले मकवानपुर जिल्ला कमिटीको **१२औं जिल्ला अधिवेशन**बाट मलाई अमुल्य मत प्रदान गरी जिल्ला कमिटी अध्यक्षमा निर्वाचित गराउनुहुने सम्पूर्ण अधिवेशन प्रतिनिधि कमरेडहरु, अधिवेशनमा अहोरात्र खट्नुहुने आदरणीय अग्रज नेतृत्व, सम्पूर्ण नेता, स्वयंसेवक, अध्यक्ष मण्डल, निर्वाचन कमिटी, सुरक्षा संयन्त्र, पत्रकार मित्रहरुमा हार्दिक धन्यवादसहित आभार व्यक्त गर्दछु ।

**श्रीधर पोखरेल**

**अध्यक्ष, नेकपा एमाले मकवानपुर**

## हार्दिक बधाई तथा शुभकामना



यस संघका सल्लाहकार श्री श्रीधर पोखरेलज्यू
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को मकवानपुर जिल्ला अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाईसहित कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण कुमार गुप्ता (अध्यक्ष) तथा
मकवानपुर उद्योग वाणिज्य संघ परिवार
हेटौंडा, मकवानपुर

# जीवनको अस्तित्व बचाउन वातावरण संरक्षण अत्यावश्यक



सरोजप्रसाद साह





जीवन र वातावरणको सम्बन्ध इन्जिन र इन्धनको संगम जस्तो हुन्छ । एक अर्काको अनुपस्थितिमा दुबैको बेजान तथा बेकार छन् । वातावरण भन्नाले पृथ्वीको चारैतिर फैलिएको तत्व हो । 'वातावरण' भन्ने शब्दले सम्पूर्ण प्राणीका जन्मदेखि मृत्युसम्मका सबै कुराहरूमा अर्थात् तिनीहरूको जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रभाव पार्ने अवस्थालाई पनि बुझाउँछ । सबै प्राणीको जीवन वातावरणकै भरमा टिकेको हुन्छ । सम्पूर्ण प्राणीको सृष्टि प्रकृतिबाटै भएकाले वातावरणलाई प्राकृतिक परिवेशका रूपमा लिइन्छ ।

आफूले सृष्टि गरेका प्राणीहरूलाई बाँच्नका लागि प्रकृतिले उचित वातावरण प्रदान गरिदिएको हुन्छ । प्रकृतिले स्वच्छ वातावरण तयार गरिदिएर सम्पूर्ण प्राणीको जीवनलाई स्वस्थ एवम् सुरक्षित बनाइदिएको हुन्छ । सृष्टिको सुरुआतदेखि नै मानव, अन्य प्राणी र वनस्पतिका बीच घनिष्ठ सम्बन्ध रहिआएकै पनि छ । संसारका प्राणीहरू मध्येको विवेकशील प्राणी मानिस नै भएकाले वातावरणलाई जोगाउने दायित्व उसकै हातमा छ । प्राकृतिक सम्पदाहरूलाई जोगाई वातावरण संरक्षण गर्नु सबैका निम्ति हितकर छ । मानवलगायत अन्य प्राणीहरूको जीवन वातावरणमै भरपर्ने हुनाले वातावरणको संरक्षण गर्नु अत्यावश्यक छ ।

मानिस स्वयं प्रकृतिकै सृष्टि भएकाले ऊ कहिल्यै पनि प्रकृतिबाट टाढा रहेर बस्न सक्तैन । प्रकृतिले प्रदान गरेको स्वच्छ वातावरणकै भरमा मानिसको जीवन अडेको छ; तर ऊ आफैले वातावरणलाई प्रदूषित तुल्याई आफ्नै जीवनलाई छोट्याइरहेको छ । प्रकृतिका विरुद्धमा कोही पनि जान सक्तैन भन्ने कुरा थाहा हुँदाहुँदै पनि मानिस प्रकृतिमाथि विजय प्राप्त गर्ने नाममा गलत कार्यहरू गर्न पछि परेको छैन । मानिसले भौतिक उन्नति गर्ने क्रममा प्राकृतिक वातावरणको स्वच्छतामा खलल पुऱ्याइरहेको देखिन्छ । प्राकृतिक सम्पदाहरूलाई नष्ट गर्ने काम मानिसले मात्र गरेको पाइन्छ । अन्य प्राणीहरू त प्राकृतिक सुन्दरतामै हाँस्तै-खेल्दै रमाइरहेका हुन्छन् । मानिसचाहिँ प्राकृतिक वातावरणलाई आफ्ना अनुकूल बनाउने कोसिस गर्दछ अनि आफ्नो कोसिस असफल हुँदा क्रोधित बन्दै प्रकृतिकै विनाश गर्न अग्रसर हुन्छ ।

मानिसका अविवेकी क्रियाकलापहरुले गर्दा प्रकृतिका नदी, हावा, रूख, हरियाली आदि कुराहरू विकृत अवस्थामा देखा परि रहेका छन् । उद्योग र कलकारखानाबाट निस्कने फोहोर धुँवा र दूषित पानीबाट हावा र पानी दूषित हुन गई वातावरण बिग्रिने कुरा हामीलाई थाहै छ । हावापानी दूषित भएपछि मानिसले आफू पूर्ण स्वस्थ बनेर बाँच्ने कल्पना गर्नु व्यर्थ हुन्छ । बोटविरुवाबाट अक्सिजन प्राप्त गरी बाँच्ने आधार पाएको मान्छे तिनै बोटबिरुवाहरुलाई काट्न कसिन्छन् । वनजङ्गलको जथाभावी फँडानी गर्दा प्राकृतिक सुन्दरता हराउने, चराचुरुङ्गीहरूको बिचल्ली हुने अनि अतिवृष्टि, अनावृष्टि, भूक्षय, बाढी, पहिरो आदिका कारण मानिसको जीवन अस्तव्यस्त बन्ने कुरा पनि सबैका अगि छर्लङ्ग छ । अनेकौं शक्तिशाली बमहरू विष्फोट गराई प्रकृतिलाई चिढ्याउन पनि मानिस पछि परेका छैनन् । यस्ता कार्यहरूले गर्दा वातावरण अस्वच्छ भई निस्केका अनेकौं भयानक रोगहरूको सिकार भई बाँच्न मानिस बाध्य भएको छ । यदि मानिस स्वस्थ भई बाँच्ने हो भने उसले अत्यन्त सचेत भई वातावरणको संरक्षण गर्नुपर्दछ र मानवहितका लागि यसो गर्नु आवश्यक नै छ ।


बितेका केही दशकयता वातावरण प्रदूषित हुने क्रममा निकै तीव्रता आएको पाइन्छ । प्राकृतिक सम्पदाहरूको विनाश, अव्यवस्थित बसोबास, जनसंख्याको बढ्दो चाप आदि कुराहरू वातावरण प्रदूषणका प्रमुख कारण हुन् । यसबाट मानिसले निकै ठूलो क्षति बेहोर्नुपरेको कुरा पनि सबैले महसुस गरेका छन् । त्यसैले आजभोलि मानिसमा वातावरणको संरक्षण गर्ने चेतना पलाउन थालेको छ । वातावरण-संरक्षणको विषयलाई लिएर अहिले विश्वव्यापी रूपमा नै चिन्ता बढ्न थालेको पाइन्छ । यसका लागि विश्वव्यापी रूपमा ठूलाठूला सभा-सम्मेलनहरूको आयोजना भइरहेको पाइन्छ । "पृथ्वी एउटै छ, यसको संरक्षण गरौं र यसलाई सबै मिलेर भोग गरौं" भन्ने साझा विचार मानिसहरूमा पलाउँदै गएको भेटिन्छ । प्राकृतिक स्वच्छतामै सम्पूर्ण प्राणीको जीवन सुखी हुन सक्छ भन्ने कुराको महसुस सबैले गर्नुपर्दछ ।

वातावरण स्वच्छ नभएमा मानिस अपाङ्ग नै बन्न पुग्दछ । अपाङ्ग भएर बाँच्नु ज्यादै गाह्रो हुन्छ । मानिस स्वस्थ छ भने उसले जीवनमा धेरै कामहरू गर्न सक्दछ । मानिसले "स्वास्थ्य नै जीवन हो" भन्ने कुरा कदापि बिर्सनु हुँदैन । वातावरण स्वच्छ हुँदा मात्र मानिस स्वस्थ बन्न सक्छ भन्ने कुरालाई सबैले आत्मसात् गर्नु पर्दछ । त्यसैले सबै मिलेर वातावरणको संरक्षण गर्नु आजको आवश्यकता नै हो । यसको संरक्षणका लागि कार्य गर्न कसैले पनि कन्जुस्याइँ गर्नुहुँदैन । जुन काम गर्दा वातावरणमा नराम्रो असर पर्छ, त्यस्ता कामहरू बिर्सेर पनि गर्नुहुँदैन । प्रकृतिको नियमलाई मिच्ने वा बिथोल्ने काम कहीँबाट र कसैबाट हुनुहुँदैन । एकै पलमा प्राकृतिक सुन्दरतालाई नष्ट गरिदिने खालका विष्फोटक पदार्थहरूको प्रयोग नगर्नु नै राम्रो हो । प्रदूषित वातावरण मानवजातिको सर्वनाशको जड भएकाले वातावरणलाई स्वच्छ राख्ने प्रयास गर्नु सचेत मानवको खास कर्तव्य हुन आउँछ । मानिसले बिगारेको वातावरणलाई फेरि मानिसले नै संकल्प लिएर प्रारम्भिक अवस्थामा ल्याउनुपर्छ । जीवनको स्वस्थताका निम्ति स्वच्छ वातावरण निकै महत्वपूर्ण रहेकाले यसको संरक्षणमा व्यक्ति, समाज र विश्वले नै सचेत बन्नुपर्ने आवश्यकतालाई नकार्न सकिन्न । अब हामी सबै विश्वका मानिस सचेत हुनुपर्छ र यो संसार र जीवनको अस्तित्व बचाई आफ्नो पनि अस्तित्व बचाउन सक्नुपर्छ । जय नेपाल ।







सुबोध खनाल
कक्षा-५, जेनिथ सेकेन्डरी स्कुल
हेटौंडा-५





अजित तामाङ
कक्षा-९, सिद्धार्थ शिशुसदन मावि
हेटौंडा-५







खुशि खातुन
कक्षा-९
सिद्धार्थ शिशु सदन, हेटौंडा-५






सृष्टि श्रेष्ठ
युकेजी, लिटिल बड्डी प्रि-स्कुल, हेटौंडा-४






सुयोग श्रेष्ठ
कक्षा:-५, ब्रम्हदिक् एकेडेमी
हेटौंडा-४






समीर घताने
कक्षा-१०, निर्मल मावि
हेटौंडा-१९





दिपासना थापा
कक्षा:- १०, जिएस निकेतन,
हेटौंडा-५

# आमा बुबा



**कृतिका हुमागाईं**

आमा सत्य हो भने
बुबा हरेक त्यो सफलताको तथ्य हो
आमा दुनियाँमा ल्याउँछ
भने
बुबा दुनियाँ के के हो भनेर बुझ्न सिकाउँछ

बैल गाडीको पाङग्रा आमा बुबा हो
भने
काठको त्यो संरचना छोराछुरी हुन

एउटा पाङ्ग्रा फस्के पुरै जीवन अध्यारो हुन्छ
न त गाडी चल्छ न त छोराछोरीको भविष्य हुन्छ

हेटौंडा-२ सिद्धार्थ माध्यमिक विद्यालय

कक्षा-१०

# खुल्ला सपनाको संसार



**प्रेक्षा तिमल्सिना**

खुल्ला रुपमा नीलो आकाशमा उड्नु चाहान्छु
बिना डर स्वतन्त्र बिचार धारामा बाँच्न चाहान्छु
नौलो अनी बिचित्रको संसारलाई चिन्न चाहान्छु
मानव रुपी दानबको चरीत्रलाई चिन्न चाहान्छु !

भर्खरै पलाउँदै गरेको मुनामा
कुदृष्टि लाउने पापीहरुलाई चिन्न चाहान्छु
परिवेशसँगै भेष परिवर्तन गर्नेका
आश्वासन कस्तो हुन्छ चिन्न चाहान्छु !

खुला आकाशमा चरा सरि उड्नु छ मलाई
बाधा ब्यवधान जति पन्छाएर गुडनु छ मलाई
के राम्रो के न राम्रो बिचार पुराएर केलाई
आफ्नो अस्मिता माथिको लडाई आफैं लड्नु छ मलाई !

*कक्षा-११, सिद्धाथ माध्यमिक विद्यालय*

# 'हुन सक्छ'



**प्रमीला घले**

ढाकछोप नगर प्रतिभाको, खानी हुन सक्छ
भर्खरैको मुना उनी, रचनाको रानी हुन सक्छ
तिम्रा अपूरा कामहरुलाई नाम दिन सक्ने,
तिमी माथि भगवानको करुणा हुम सक्छ ॥

*मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा-२*

# वातावरण



**सदीक्षा नेपाल**

वृक्षारोपण गरी जीवनमा सुवास छरौं है,
वातावरण संरक्षण राख्ने फैसला गरौं है,
वरिपरि फोहोर मैला प्रदूषण भो सहर
सफा, शान्त वातावरण पार्ने राखौं है रहर,

गाउ घरमा न्याउली चरा रूखमा करायो
मेरो देशको शान आज भोलि खै कता हरायो ?
डाँडापाखा हरिया वन डोजरले सखाप पार्‍यौ
प्रकृतिलाई हामीले यै हातले माया गरौं

प्लाष्टिक बाली बन्यौं हामी क्यान्सरको रोगी
यो सामान्य गल्तीले ज्यान लिने हो कि ?
जनावर पन्छी दुःखी छन यहा वातावरण दखित
लापरवाही प्रमुख कारण भन्ने हो को सित

डँडेलो लगाई प्रकृतिलाई सखाप पार्‍यौं नि
यमराजलाई निमन्त्रणा दिई स्वच्छ जीवन मार्‍यौं नि
सबै जना वचन बद्ध भै प्रकृति जोगाउने
वातावरण सरक्षण गरी नयाँ जीवन पाउने

*कक्षा-८, प्रगति मावि, हेटौंडा-९*

# मेरो प्यारो सगरमाथा



**प्रगति माली**

विश्वमा सबैभन्दा माथि
सगरमाथा हो प्रकृतिको साथी

नेपाल र नेपालीलाई कुनै छैन पिर
सगरमाथाले ठड्याएको छ हाम्रो शीर ।

सगरमाथाको चिसो हावा सरर
विश्वमा नेपालीको मन फरर ।

प्रकृतिको सुन्दर उपहार हो सगरमाथा
विश्वको छानो हो मेरा प्यारो सगरमाथा ।

माउण्ट एभरेष्ट भन्दै रमाउँछन् विदेशी
आफ्नो शान मान्दै चढ्छन् स्वेदशी ।

सगरमाथाको महिमा छ विशाल
सधैंभरि हामीलाई बनाउँछ अटल ।

सगरमाथाले हामीलाई सधैं गुण लगाएको छ
यसको रक्षा गर्ने जिम्मेवारी हामीलाई आएको छ ।

मानिसका कारण विश्वभर तापक्रम बढ्दैछ
यसले सगरमाथाको हिउँ पनि पगाल्दैछ ।

सगरमाथाको रक्षा गर्न हामी अघि बढौं
तपक्रम बढाउने क्रियाकलाप कम गरौं ।

*कक्षा-१०, श्री श्रमिक माध्यमिक विद्यालय*
*हेटौंडा-४*

# जीवन चक्र



**अमिषा महतो**

एक बालकको हुन्छ जन्म
खुशीयाली छाउँछ संसारमा
बित्छन् कैयौं महिना र वर्ष
बिस्तारै जानुपर्ने हुन्छ विद्यालय

सुरूमा लाग्छ हर्ष
थरीथरीका बनाउँछौ मित्र
जुध्नुपर्छ समयासँगै
र
जीवन हुनेछ रङ्गीन

विस्तारै
यी सबैकुराहरु
एक पेशामा बद्लिन्छ
जसले तिम्रो जीवन चल्नेछ
विवाह, छोराछोरी
यी सब जीवनका हाँगाहरु
पातहरु, अनि सुख्खा खहरे

तिमीले थाहा पाउनुअघि
तिमी बुढो भइसकेका हुन्छौ
अतीतका पानाहरु पल्टाउँदै
ती बाल्यकाल, विद्यालयीय उमेर
घरपविार, साथीभाइ
अनि जीवन चक्र
फेरि सुरु हुन्छ

*कक्षा-७, नवोदय शिशु सदन*

# सक्छौ र ?



**मयङक मिश्रा**

जब भेट हुन्छ
आँखा मिलाउन सक्छौ र ?

बसेर कुरा होलान
मिठास राखेर बोल्न सक्छौ र ?

प्रश्न अनेक आउनलान
उत्तर दिन सक्छौ र ?

खराब बानी दश होलान
एक असरलको बयान गर्न सक्छौ र ?

गल्ती अनेक होलान
सही गर्न सक्छौ र ?

यात्रा धेरै कठिन होलान
साथ दिन सक्छौ र ?

बाधा धेरै आउलान
सम्हालन सक्छौ र ?

सम्बन्ध टुट्न खोज्लान
बाधेर राख्न सक्छौ र ?

*कक्षा-१०, आधुनिक राष्ट्रिय माध्यमिक विद्ययालय,*
*हेटौंडा-२*

# एकचोटी चाखेर त हेर ! जाँडको स्वाद कति मिठो हुन्छ



**दीपा न्यौपाने**

जाँडको स्वाद चाख न आहा ! कति मिठो
एकचोटी चाखेपछि सबै आकर्षित बुढादेखि ठिटो
तिमीले भनेको भएर मैलो थोरै चाखेको थिएँ
दुनियाँलाई घुमेको अनुभव गरेको थिएँ ।

झ्यापमा हुँदा खै केही थाहा पाइन के भयो भनेर
गाउँभरी हल्ला चलेछ जाँड, खादै हिँडियो भनेर
तिमीले म माथीको इज्जत र विश्वास लुटाइदियौ भनेर
दुई, चार झापड पिटाइ अनि गाली बसाइदियौ भनेर ।

पल्लाघरे काकाले जाँडको तालमा काकीलाई कुटे
आमाले अब तँ भरेदेखि मलाइँ कुट भनेर
रुन थाल्नुभो तिमीले मलाई सङ्गतमा फसायौ
तिम्रो स्वादले मलाई पछुतो महसुस गरार्‍यौ ।

बिरामीमा खाँदा चाहिँ ज्यान लान्छ भन्थ्यौ
अरु बेला खाँदा चाहिँ राहत दिन्छ भन्थ्यौ
मलाई चाहिँ किन चिन्ता र दुःख मात्र दियौ ?
राहतको सट्टा जडिया उपनाम दियौ ।

दुःख र सुख दुबैमा खान्छन रे तिमीलाई
रोग निम्त्याउन अनि औषधीमा प्रयोग गर्छन रे तिमीलाई
लत लागेपछि कमाको जति सबै पैसाले जाँड नै खान्छन् रे !
दिनभरी कममा अनि राती भट्टीमा जान्छन् अरे !

*हेटौंडा-२ सिद्धार्थ माध्यमिक विद्यालय, मकवानपुर*
*कक्षा-१०*


श्री वंशगोपाल माध्यमिक विद्यालय
(प्राविधिक शिक्षालय)
मकवानपुरगढी गा.पा-२, कुर्लेदमार
मकवानपुर

**प्रशिक्षक आवश्यकता**

*प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०२/२२ गते*

उपरोक्त सम्बन्धमा मकवानपुरगढी गाउँपालिकाको च. नं. ३११७ मिति २०८१ जेठ २० गतेको पदपूर्ति अनुमतिपत्र अनुसार यस विद्यालयमा रिक्त रहेको प्राविधिक धार बाली विज्ञान मा.वि तृतीय प्रशिक्षक पदमा एक जना प्रशिक्षक पदपूर्ति गर्नुपर्ने हुँदा योग्य नेपाली नागरीकहरुबाट तपशिल बमोजिम दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

**१. विज्ञापन नं :- ७/०८०/०८१**
२ तह :- मा.वि तृतीय (करार) प्रशिक्षक
३. उमेर :- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
४. न्यूनतम शैक्षिक योग्यता :- मान्यता प्राप्त शैक्षिक संस्थाबाट B.SC Ag वा सो सरह
५. परीक्षाको किसिम :- लिखित, मौखिक तथा आवश्यक परेमा कक्षा अवलोकन
६. सेवा सुविधा :- नेपाल सरकारको नियम अनुसार
७. दरखास्त दस्तुर :- रु २,०००/- (विद्यालयको नाममा रहेको नबिल बैंक लि. को चल्ति खाता न २२१०१०१७५००२३६ मा रकम जम्मा गर्नुपर्नेछ ।
८. दरखास्त दिने अन्तिम मिति :- २०८१/०३/०४ गते विद्यालय समयसम्म
९. दरखास्त दिने स्थान :- श्री वंशगोपाल मा.वि मकवानपुरगढी २, कुर्लेदमार
१०. सम्पर्क मिति :- २०८१/०३/०६ गते
११. परीक्षा मिति सम्पर्क मितिको दिन जानकारी गराईनेछ ।


**आवश्यक कागजातहरू**
१) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि थान २
२) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपिहरु थान २
३) चारित्रिक प्रमाणपत्र प्रतिलिपिहरु थान २
४) अन्य तालिम र अनुभव भए सो को समेत प्रतिलिपिहरु थान २
५) रकम जम्मा गरेको भौचर १ प्रति
६) हस्तलिखित निवेदन १ थान
नोटः E-mail मार्फत पनि दरखास्त बुझाउन सकिने छ ।
E-mail: Shreebanshagopals@.com
सम्पर्क नं ९८५५०७०२४९ (प्रधानाध्यापक) ९८४१६६२८९१ (बि.व्य.स. अध्यक्ष)

**प्रधानाध्यापक**


## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**



# थानाभन्ज्याङमा ओभरहेड ट्याङ्की निर्माण शिलान्यास



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ११ को थानाभन्ज्याङमा ओभरहेड ट्याङ्की निर्माण शिलान्यास गरिएको छ । मंगलबार एक कार्यक्रमका बिच बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री एकालाल श्रेष्ठले ओभरहेड ट्याङ्की शिलान्यास गर्नुभएको हो ।

थानाभन्ज्याङ र सिमलटारका स्थानीयलाई खानेपानी उपलब्ध गराउने उद्देश्यले ४ लाख ५० हजार लिटर क्षमताको ओभरहेड पानी ट्याङ्की निर्माण शिलान्यास गरिएको हो। लामो समयदेखि ट्युबवेलको पानी प्रयोग गर्दै आएका स्थानीयलाई शुद्ध खानेपानी उपलब्ध गराउने उद्देश्यअनुसार सो ट्याङ्की निर्माण थालिएको हो। ओभरहेड ट्याङ्की निर्माण थालेसँगै सो क्षेत्रका स्थानीले धाराको पानी प्रयोग गर्न पाउने भएका छन् ।

सिमलटार थानाभन्ज्याङ खानेपानी योजनाअन्तर्गत ओभरहेट ट्याङ्की निर्माण गर्न लागिएको हो । खानेपानी योजनाका लागि २ वटा समवेल निर्माणको काम पनि चलिरहेको हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टले जानकारी दिनुभयो । प्रदेश सरकारको खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयअन्तर्गतको खानेपानी तथा सरसफाइ डिभिजन नम्बर -१ हेटौंडा कार्यालयको २ करोड ५० लाख, हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको १ करोड १२ लाख र हेटौंडा उपमहानगर पालिकाको १ करोड रुपैयाँ लगानीमा खानेपानी योजना निर्माण हुन लागेको हो।

ओभरहेड ट्याङ्की आउँदो बैशाखभित्र निर्माण सम्पन्न हुने जानकारी दिँदै योजना सम्पन्न भएपछि यस क्षेत्रका करिब ३ हजार घरधुरीले ट्युबवेलको पानी प्रयोग गर्नुपर्ने बाध्यताबाट छुटकारा पाउने बोर्डका अध्यक्ष विष्टले बताउनुभयो । आर्थिक अवस्था राम्रो भएकाहरुले जारको पानी पिउने गरेको भए पनि न्यून आर्थिक अवस्था भएका स्थानीयले ट्युबवेलको पानी पिउन बाध्य हुने गरेको उहाँको भनाइ छ।

ओभरहेट ट्याङ्की निर्माण चलिरहेको अवस्थामा पनि २ वटा समवेल निर्माण सम्पन्न भएपछि स्थानीयलाई डाइरेक्ट धाराबाट पानी वितरण गर्ने योजना रहेको अध्यक्ष विष्टले बताउनुभयो । त्यसका लागि स्थानीयले एकदुई महिनामात्रै कुर्नुपर्ने अध्यक्ष विष्टले जानकारी दिनुभयो ।

ओभरहेट ट्याङ्की शिलान्यास गर्दै मन्त्री श्रेष्ठले खानेपानी योजना सम्पन्न भएपछि हेटौंडा बजार नजिकै भएर पनि लामो समयसम्म ट्युबवेलको पानी पिउन बाध्य सिमलटार र थानाभन्ज्याङका स्थानीयको समस्या समाधान हुने बताउनुभयो। उहाँले जनताको सरोकारका विषयलाई प्राथमिकता दिने उल्लेख गर्दै जनतासँगको सहलगानीमा आफूले काम गर्न चाहेको दावी गर्नुभयो।

खानेपानी योजना निर्माण सम्पन्न भएपछि खानेपानी उपाभोक्ता समितिलाई बोर्डमा गाभेर काम गर्न पनि उहाँले सुझाव दिनुभयो। हेटौंडामा खानेपानी व्यवस्थापन बोर्डकै कारण विगतका समयमा देखिएको खानेपानीको समस्या समाधान हुँदै गएको मन्त्री श्रेष्ठको दावी थियो ।

खानेपानी तथा सरसफाइ डिभिजन नम्बर-१ हेटौंडा कार्यालयका प्रमुख हरिराम पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ, हेटौंडा ११ की वडा अध्यक्ष जुना दाहालगायतले नगरभित्रका सबै जनतालाई हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमार्फत् वितरण भइरहेको खानेपानीको सुविधा प्राप्त होस् भन्ने आफूहरुले चाहेको बताउनुभएको थियो । उपमहानगरमार्फत् ८ हजार घरधुरीले निःशुल्क खानेपानीको उपभोग गरिरहेको र बोर्डमार्फत् २८ हजार घरधुरीले खानेपानीको सुविधा लिइरहेको बताइएको छ।

# वृक्षरोपण तथा सरसफाइ सम्पन्न

समाज संवाददाता

हेटौंडाः टोल विकास संस्था नगर समन्वय समिति हेटौंडा उपमहानगर पालिकाले विश्व वातावरण दिवसको अवसरमा वृक्षरोपण तथा सरसफाइ कार्यक्रम गरेको छ। समितिले वातावरण दिवसमा आयोजित सप्ताहव्यापी कार्यक्रमअन्तर्गत वृक्षरोपण तथा सरसफाइ कार्यक्रम गरेको हो ।

मंगलबार हेटौंडा-२ स्थित जलेश्वर मन्दिर परिसरमा फूल र फलफूलका विरुवा रोपेको छ । परिसरमा बाँदरहरु आउने भएकाले आँप, कटहर र लिचीका विरुवा रोपेको बताइएको छ । यस्तै, मनकामना मन्दिर जाने बाटोमा सरसफाइ गरेर फूलको विरुवाहरुको रोपेको हो ।

टोल विकास संस्था नगर समन्वय समिति, वडा समिति, मन्दिर व्यवस्थापन समिति र स्थानीय नागरिकहरुले वृक्षरोपण गरेको बताइएको छ । नगर समन्वय समितिका अध्यक्ष ध्रुव अधिकारीको सभाध्यक्षता तथा २ नम्बर वडाका वडाध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यमा भएको वृक्षरोपण कार्यक्रममा १ सय जनाभन्दा बढी व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

आज बुधबार सप्ताहव्यापी कार्यक्रमको समापन हुनेछ । बिहान ७ बजे हेटौंडा-४ स्थित हुप्रचौरबाट वातावरणसम्बन्धी सेचतनामूलक र्याली र रोयल पार्टी प्यालेसमा वातावरण क्षेत्रमा क्रियाशील २० जना व्यक्तिलाई सम्मान गरिनेछ। कार्यक्रममा विभिन्न व्यक्तिहरुलाई पुरस्कृत पनि गरिने जनाइएको छ ।

# वडास्तरीय फुटबलको सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा जारी वडास्तरीय फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। मंगलबार क्वाटरफाइनल चरणका खेलहरु सम्पन्न भएसँगै सेमिफाइनल समीकरण पूरा भएको प्रतियोगिताका संयोजक भूगोल माझीले बताउनुभयो ।

मंगलबार भएको क्वाटरफाइनल खेलमा विजयी हुँदै वडा नम्बर ६ र ८ सेमिफाइनल प्रवेश गरेको छ। वडा नम्बर ६ ले ३ लाई १-० गोलले हराउँदै सेमिफाइनल प्रवेश गरेको हो भने वडा नम्बर १ लाई टाइब्रेकरमा ४-३ गोलले गोलले हराउँदै वडा नम्बर ८ सेमिफाइनल प्रवेश गरेको हो । निर्धारित खेल समय एक-एक गोलको बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो ।

यसअघि सोमबार भएको क्वाटरफाइनल खेलमा वडा नम्बर ७ लाई २-० गोलले पराजित गर्दै आयोजक ए र वडा नम्बर ५ लाई २-१ गोलले हराउँदै २ नम्बर सेमिफाइनल प्रवेश गरिसकेको छ । प्रतियोगिताको सेमिफाइनलका खेल बिहीबार हुनेछ। बिहीबारको सेमिफाइनल खेलमा फाइनल प्रवेशका लागि आयोजक ए र २ नम्बर तथा ६ नम्बर र ८ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताको फाइनल खेल शुक्रबार हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

## भुक्तानी दिन...

अभाव घटाउन प्रशासन छैठौं तह, कानून अधिकृतसहित, विभिन्न तहका कर्मचारीहरुको नियुक्तिमा देखिएका कानूनी जटिलतालाई हटाई कर्मचारी नियुक्तिको व्यवस्था गर्न, बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ बमोजिम ओएण्डएम सर्भे भएका पालिकाहरुको ओएण्डएम स्वीकृति गरी पद दर्ताको व्यवस्था गर्न माग गरिएको छ।

त्यस्तै, धादिङको रुबिभ्याली गाउँपालिकासहित विकास सूचकांकमा पछि परेका गाउँपालिकाको विकासका लागि बजेट विनियोजन गर्दा सम्बन्धित पालिकासँग समन्वय गरी विनियोजन गर्न, दहत्तर बहत्तर संकलन लगायतका कानूनी जटिलता हटाउन र गाउँपालिका महासंघ बागमती प्रदेश समितिमार्फत स्थानीय सरकार सवलीकरण कार्यका लागि बजेट व्यवस्था गर्न माग गरिएको छ । छलफलमा मूख्यमन्त्री, आर्थिक मामिला तथा योजना मन्त्री, प्रमुख सचिव र सचिवहरुले गाउँपालिका महासंघले उठाएका नीतिगत र व्यवहारिक समस्याबारे प्रदेश सरकार गम्भीर रहेको बताउँदै महासंघसँगको समन्वयमा यस्ता समस्यालाई समाधान गरिने प्रतिवद्धता व्यक्त गरेको गाउँपालिका महासंघले जनाएको छ।

# निशुल्क लेखापालन तालिम सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमखी क्याम्पसमा निशुल्क लेखापालन तालिम सम्पन्न भएको छ । नेकपा माओवादी केन्द्र निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारी मकवानपुर बहुमुखी क्याम्पस कमिटीले आयोजना गरेको तालिम १० दिनसम्म सञ्चालन भएको थियो । अखिल क्रान्तिकारी क्याम्पस कमिटीका अध्यक्ष अभ्युदय खनालको सभाध्यक्षता तथा बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा तालिमको समापन कार्यक्रम भएको हो ।

तालिम समापनको अवसरमा मकवानपुर बहुमुखी क्याम्पसका निवर्तमान क्याम्पस प्रमुख डा. शंकरप्रसाद उपाध्यायलाई सम्मान गरिएको छ । उपाध्यायलाई रुदाने स्मृति उत्कृष्ट शैक्षिक सम्मान २०८१ बाट सम्मान गरिएको हो। १० दिनसम्म सञ्चालन भएको लेखा तालिममा सहभागी भएका विद्यार्थीलाई प्रमाणपत्र वितरण गरिएको थियो । यस्तै बीबीए सातौं सेमेस्टरमा नेपाल टप गर्ने ओशन प्रसाद भण्डारी र तेस्रो हुने समीना तिमल्सिनालाई पनि सम्मान गरिएको छ। लेखा तालिममा सहभागी विद्यार्थीलाई किशोर अर्यालले प्रशिक्षण दिनुभएको हो । तालिमा क्याम्पसका १ सय २० जना विद्यार्थी सहभागी थिए । क्याम्पसका विद्यार्थीलाई सैद्धान्तिक ज्ञानसँगै र प्रयोगात्मक ज्ञानको विकास गराउने लक्ष्य लिएर तालिमको आयोजना गरिएको अखिल क्रान्तिकारीले जनाएको छ । कार्यक्रममा प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामी, नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक भीम पाखिन, जिल्ला सचिव वीरबहादुर घलान, क्याम्पस प्रमुख डा. यम बहादुर सिलवाल, स्वतन्त्र विद्यार्थी युनियन क्याम्पस कमिटीका अध्यक्ष छोइसाङ लामा तामाङको उपस्थिति रहेको थियो ।

हार्दिक आभार



नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एमाले मकवानपुर जिल्ला कमिटीको **१२औं जिल्ला अधिवेशन**बाट मलाई अमुल्य मत प्रदान गरी जिल्ला कमिटी उपसचिवमा निर्वाचित गराउनुहुने सम्पूर्ण अधिवेशन प्रतिनिधि कमरेडहरु, अधिवेशनमा अहोरात्र खट्नुहुने आदरणीय अग्रज नेतृत्व, सम्पूर्ण नेता, स्वयंसेवक, अध्यक्ष मण्डल, निर्वाचन कमिटी, सुरक्षा संयन्त्र, पत्रकार मित्रहरुमा हार्दिक धन्यवादसहित आभार व्यक्त गर्दछु ।

फुर्वा दोर्जे लामा
उपसचिव, नेकपा एमाले मकवानपुर

हार्दिक आभार



नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एमाले मकवानपुर जिल्ला कमिटीको **१२औं जिल्ला अधिवेशन**बाट मलाई अमुल्य मत प्रदान गरी जिल्ला कमिटी सचिवमा निर्वाचित गराउनुहुने सम्पूर्ण अधिवेशन प्रतिनिधि कमरेडहरु, अधिवेशनमा अहोरात्र खट्नुहुने आदरणीय अग्रज नेतृत्व, सम्पूर्ण नेता, स्वयंसेवक, अध्यक्ष मण्डल, निर्वाचन कमिटी, सुरक्षा संयन्त्र, पत्रकार मित्रहरुमा हार्दिक धन्यवादसहित आभार व्यक्त गर्दछु ।

सीता विष्ट
सचिव, नेकपा एमाले मकवानपुर

हार्दिक समवेदना



जन्मः २०३७/०५/१३
स्व. दिनेश बहादुर कार्की
स्वर्गारोहणः २०८१/०२/१२

यस पल्पसा प्याराडाइज होम प्रालिका सञ्चालक राजेश बहादुर कार्कीका भाइ **दिनेश बहादुर कार्की**को सवारी दुर्घटनामा परी निधन भएको खबरले मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवार जनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

पल्पसा प्याराडाइज होम प्रालि परिवार
हेटौंडा-२, पल्पसारोड

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हार्दिक आभार



नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एमाले मकवानपुर जिल्ला कमिटीको **१२औं जिल्ला अधिवेशन**बाट मलाई अमुल्य मत प्रदान गरी जिल्ला कमिटी उपसचिवमा निर्वाचित गराउनुहुने सम्पूर्ण अधिवेशन प्रतिनिधि कमरेडहरु, अधिवेशनमा अहोरात्र खट्नुहुने आदरणीय अग्रज नेतृत्व, सम्पूर्ण नेता, स्वयंसेवक, अध्यक्ष मण्डल, निर्वाचन कमिटी, सुरक्षा संयन्त्र, पत्रकार मित्रहरुमा हार्दिक धन्यवादसहित आभार व्यक्त गर्दछु ।

आरती पाठक
उपसचिव, नेकपा एमाले मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ